# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

मिति:२०७७।११।०२

रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको पकेट क्षेत्र निर्धारणको लागि माग पत्र दर्ता सम्बन्धी सूचना

प्रकाशित मिति २०७७।११।०२ गते

आ.व. २०७७।०७८ मा रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (८०३३१४०४५०१) अन्तर्गत बंगुर, माछा र राष्ट्रिय तथा स्थानिय महत्वका खाध तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली बस्तुको साना व्यवसायिक कृषि उत्पादन क्षेत्र (पकेट) विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषि फर्म/उधमी/समूह/सहकारी संस्था/जल/बन उपभोक्ता समितिले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र अर्थात् (मिति २०७७।११।०९ गते भित्र) यस कार्यालयमा तोकिएको ढाँचा अनुसार पकेट क्षेत्र निर्धारणको लागि माग पत्र दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

..........................

प्रमुख प्रशासकिय अधिकृत

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) सम्बन्धित निकायमा कृषि फर्म/कृषि समूह/सहकारी/संस्था/समिति दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(२) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमीन) को धनिपुर्जा वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामाको प्रतिलिपी,

(३) निवेदकको नागरीकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(४) संस्थागत निर्णयको प्रतिलिपि,

(५) वडा कार्यालयको सिफारिस पत्र,

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np

# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

### रत्ननगर नगरकार्यपालिकाको कार्यालयको कृषि अनुदान सम्बन्धी सूचना
सूचना प्रकाशित मिति २०७७/११/०२

यस रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कृषि तथा पशुपंछी विकास शाखाको चालु आ.व. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम **कृषि विकास कार्यक्रम** अन्र्तगत ५० प्रतिशत अनुदानमा तपसिलका कृषि अनुदान कार्यक्रमहरु रहेको हुँदा इच्छुक कृषक/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीहरुबाट दरखास्त आब्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (मिति २०७७/११/०९ गते भित्र) तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । प्रत्येक कार्यक्रमका लागि छुट्टाछुट्टै आवेदन पेश गर्नुहुन समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

तपसिल

| क्र. सं. | कार्यक्रमको नाम | परिमाण संख्या | बजेट रु. (हजारमा) | लक्षित बर्ग |
|---|---|---|---|---|
| १ | सामूहिक खेती गर्ने **कृषक समूह**को प्रस्तावनामा आधारित कार्यक्रम | ६ | ७५० | |
| २ | सामूहिक खेती गर्ने **कृषि सहकारी**को प्रस्तावनामा आधारित कार्यक्रम | ३ | ७५० | |
| ३ | **कृषि फर्म**को मागमा आधारित कार्यक्रम | ५ | ४०० | |
| ४ | बिजवृद्धि कार्यक्रम-**बीउ उत्पादक संस्था**को मागमा आधारित कार्यक्रम | १ | २५० | |
| ५ | कृषि नर्सरी स्थापना सहयोग | १ | २५० | |
| ६ | मौरी स्रोत केन्द्र विस्तार तथा सुदृढीकरण कार्यक्रम | २ | २४० | |
| ७ | आधुनिक मौरी घार वितरण कार्यक्रम | १०० | २०० | |
| ८ | युवा लक्षित कार्यक्रम (च्याउ/मौरी/तरकारी) | १० | ६०० | |
| ९ | बाली कटानी गर्ने रिपर वितरण कार्यक्रम | ३ | ३६० | |
| १० | मल्टी थ्रेसर वितरण कार्यक्रम | २ | ३५० | |
| ११ | आधुनिक उपकरण ठेला गाडा च्याफ कटर क्रिम सेपरेटर वितरण | १ | ४५० | |
| १२ | उधमशिल पकेट प्याकेट कार्यक्रम | १ | ९०० | |
| १३ | उन्नत घाँसको बीउ कोष स्थापना | १ | १६०० | |
| १४ | बाखा प्रवर्द्धन कार्यक्रम | १ | ५०० | |
| १५ | डिप बोरिङ सिचाँइ निर्माण, मर्मत तथा सम्भार कार्यक्रम | ३ | ४५० | कृषि समूह/सहकारी/जल उपभोक्ता समिति |
| १६ | पानि तान्ने ईलेक्ट्रिक मोटर (३ ईन्च, ३ एच.पी.) | २५ | ७०० | |
| १७ | बीउ भण्डारणका लागि हर्मेटिक ब्याग वितरण | १००० | १७५ | |
| १८ | विषादी छर्ने स्प्रेयर वितरण सुरक्षित पहिरन सहित | ५० | १५० | |

संलग्न गर्नुपर्ने कागजातहरु

१. कार्यालयवाट उपलब्ध गराएको ढाचाँमा आवेदन पत्र,
२. कार्यक्रमको संक्षिप्त कार्य योजना,
३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
४. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि
५. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,
६. गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि,
७. वडा कार्यालयको सिफारिस पत्र,
८. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि,
९. अन्य कार्यक्रमको लागि रु २० र डिप बोरिङ सिचाँइ निर्माण, मर्मत तथा सम्भार कार्यक्रमको लागि रु १०० राजश्व दाखिला भौचर,
१०. कार्यक्रम संचालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा दिई कार्यक्रम संचालन गर्नको लागि कम्निमा ५ वर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

............
नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np